# सरावल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

प्रदेश नं .५ , नेपाल


---

च. नं.

प. सं.

मिति :२०७६/०४/०६

**न्यूनतम रोजगारीमा संलग्न हुनका लागी निवेदन दिने बारेको सूचना ।**

उपरोक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. १७५ मिति २०७७/०३/३० को प्राप्त पत्रानुसार आगामी आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तह मातहतको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले यहि २०७७ श्रावण ८ गते देखि भाद्र ७ गते सम्म आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा उपलब्ध गराईएको अनुसूची १ अनुसारको फारम भरि आवश्यक मापदण्ड तथा कागजपत्र बमोजिम बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ । सम्पूर्ण विवरण भरी वडा कार्यालयले प्रमाणित गरेका निवेदनहरुलाई मात्र रोजगार व्यवस्थापन सूचना प्रणालिमा प्रविष्ट गरिने हुँदा सो बमोजिम गर्नु/गराउनुहुन समेत अनुरोध छ ।

**आवश्यक मापदण्ड तथा कागजपत्र**

१. एक आर्थिक वर्षमा न्यूनतम १०० दिन रोजगारीमा संलग्न नभएका, नेपाल सरकारले तोकेको न्यूनतम वार्षिक आय भन्दा कम वार्षिक आय भएको १८ वर्ष पुरा भई ५९ वर्ष ननाघेको व्यक्ति हुनुपर्ने ।

२. बेरोजगार व्यक्ति सोही वडाको स्थायी वासिन्दा हुनुपर्ने ।

३. निवेदन साथ नागरिकताको प्रतिलिपि १ प्रति र पासपोर्ट साइजको फोटो १ प्रति समावेश गर्नुपर्ने ।

४. अन्यत्रबाट बसाईसराई तथा विवाह गरी आएको हकमा बसाईसराई तथा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य समावेश गर्नुपर्ने ।

६. बेरोजगार व्यक्तिसंग सम्बन्धित अन्य परिवारको सदस्यको पारिवारिक तथा नागरिकताको विवरण (जन्म मिति, नागरिकता नम्बर र जारी मिति, शैक्षिक योग्यता, रोजगारीको अवस्था, सामाजिक सुरक्षा भत्ता बुझे/नबुझेको)

७. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिइ वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति हो भने देश, पासपोर्ट नं तथा विदेशमा गरेको कामसँग सम्बन्धित सीप उल्लेख गर्ने ।

**पूनश्चः फारममा उल्लेखित सम्पूर्ण विवरणहरु (परिवारका सदस्यको सहित सबै विवरणहरु ) अनिवार्य भर्नुपर्ने छ । कुनैपनि विवरंण छुटेमा मान्य हुने छैन ।**

२०७६/४/६

.....................

बुद्ध प्रकाश पौडेल

प्रमुख प्रशासकीय अधिकृत

---


Website www.sarawalmun.gov.np :

Emailinfo@sarawalmun.gov.np :